# लहान नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
(आन्तरिक राजश्व व्यबस्थापन उप-शाखा)
लहान (सिरहा)
प्रदेश २ नं., नेपाल

☎ ०३३ { ५६०१३७ प्र.प्र.अधिकृत, ५६०१३८ प्रशासन शाखा }


(सूचना प्रकाशित मिति २०७६/०२/२६ गते)

पत्र संख्या :- २०७५/०७६
चलानी नं. :- ४८६३

मिति :- २०७६/०२/२६

**बिषय :- खसी वाखा हाट वजार सेवा शुल्क ठेक्काको शिलवन्दी बोलपत्र आह्वान सूचना।**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को घ को १ र २ बमोजिम यस नगरपालिकाको क्षेत्राधिकार भित्र पर्ने तपसिल वमोजिमका कर तथा सेवा शुल्क संकलनका लागि ठेक्का वन्दोवस्त गर्नु पर्ने भएकोले आ.व. २०७६/०७७ (२०७६ श्रावण १ गते देखि २०७७ आषाढ मसान्त सम्म) १ (एक) वर्षका लागि गनी महसुल, गनी किस्ता र किस्तावन्दीमा ठेक्का वन्दोवस्त गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुवाट यस कार्यालयको website www.lahanmun.gov.np मा राखिएको तथा यस कार्यालय र विभिन्न कार्यालयको सूचना पाटीमा टांस गरिएको विस्तृत सूचनामा तोकिएका शर्तहरुको अधिनमा रही यस कार्यालयको आन्तरिक राजस्व व्यवस्थापन उप-शाखावाट वोलपत्र फारम खरिद गरी रीतपूर्वकको शिलवन्दी वोलपत्र पेश गर्न सम्वन्धीत सवैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

<u>तपसिल</u> :-

| क्र.सं. | ठेक्का विवरण | न्यूनतम ठेक्का अंक रु. (दुर्गा पुजा चन्दा वाहेक) | वोलपत्र फारम दस्तुर रु. (पछि फिर्ता नहुने गरी) | कैफियत |
|---|---|---|---|---|
| ०१. | खसी बाखा हाट वजार सेवा शुल्क | २३,५०,०००।- | ३,०००।- | बोलपत्र |

<u>शर्तहरु</u> :-

०१. यो सूचना प्रथमपटक प्रकाशित भएको मितिले ३० (तीसौं) दिन अर्थात मिती २०७६/०३/२३ गते सम्म कार्यालय समय भित्र उल्लेखित वोलपत्र फारम दस्तुर (पछि फिर्ता नहुने गरी) तिरी यस कार्यालयको आन्तरिक राजश्व उप-शाखावाट वोलपत्र फारम खरिद गर्न सकिनेछ।

०२. खरिद गरिएको वोलपत्रमा उल्लेख भएका सवै विवरणहरु प्रष्ट संग अध्ययन गरी सम्वन्धित व्यक्तिले प्रत्येक पानामा सही छाप गरी शिलवन्दी गरी खाम वाहिर ठेक्काको नाम र प्रेषकको नाम र ठेगाना प्रष्ट संग लेखी ३१ औं दिन अर्थात २०७६/०३/२४ गते सोही दिनको १२:०० वजे सम्म यस कार्यालयमा दर्ता गराई सक्नु पर्ने छ यसरी दर्ता भएका वोलपत्रहरु सोही दिन दिनको २:०० वजे पछि न.पा. कार्यालयमा वोलपत्र दाताहरु वा निजको प्रतिनिधिहरुको उपस्थितिमा नगर कार्यपालिकाको कार्यालयमा खोलिने छ। उक्त समयमा वोलपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि रितपूर्वकको वोलपत्र खोलिने कार्यमा वाधा पर्ने छैन।

०३. वोलपत्र खरिद गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सो को भोलिपल्ट अर्थात कार्यालय खुलेको दिन सोही समयमा विक्री गर्ने, दर्ता गर्ने र खोल्ने कार्य हुनेछ।

प्रमुख प्रशासकीय अधिकृत

०४. शिलवन्दी वोलपत्र साथ आफूले कवोल गरेको अंकको नेपाली नागरिक भए ५% र विदेशीक नागरिक भए १०% ले हुने धरौटी रकम यस कार्यालयको नेपाल बैंक लि., लहान स्थीत च.हि.नं. ०३६०३००००००००३०००००२ धरौटी खातामा जम्मा गरेको सक्कलै बैंक भौचर वा सो रकम वरावरको यस कार्यालयका नाउंमा मान्यता प्राप्त बाणिज्य बैंकवाट जारि गरिएको कम्तीमा ७५ दिन म्याद भएको जमानी पत्र सक्कल प्रति संलग्न राख्नु पर्नेछ। धरौटी रकम वोलपत्र साथ नगद खामी आएमा नगरपालिका जिम्मेवार हुने छैन साथै सो बोलपत्र मान्य न भै अमान्य हुनेछ।

०५. वोलपत्र फारम भर्दा आफूले कवोल गरेको रकम अंक र अक्षर दुवैमा स्पष्ट हुने गरी उल्लेख भएको हुनु पर्ने छ। अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईने छ।

०६. बोलपत्र स्वीकृत भए पछि ठेक अंकको अत्तिरिक्त न.पा. द्वारा संचालित दुर्गा पूजाकोलागि १.५% रकम ठेक अंकमा जोडि एकमुष्ठ दाखिला गर्न नसकेमा ठेक रकमको दुई किस्ता गरी पहिलो किस्ता चलन पूर्जि लिनु अगाबै दोस्रो किस्ता ०७६ फाल्गुण मसान्त सम्म बुझाउनु पर्ने छ। साथै किस्ता बन्दी गर्दा बांकी ठेक रकम बराबर यस कार्यालयका नाउंमा मान्यता प्राप्त बाणिज्य बैंकवाट जारि गरिएको कम्तीमा १२ महिना म्याद भएको जमानी पत्र सक्कल प्रति चलन पूर्जि लिनु अगाबै फर्मले पेश गर्नु पर्ने छ र व्यक्तिको हकमा जग्गा जमानि पेस गर्नु पर्ने छ।

०७. ठेक्का अवधि २०७६ साल श्रावण १ गते देखि २०७७ साल आषाढ मसान्त सम्मको हुने छ। कुनै कारण वस ठेक्काको अवधि कम भएमा स्वीकृत ठेक अंकलाई आधार मानी कम हुने अवधिको दामाशाहीले कम हुन आउने अंकलाई ठेक अंक मानिनेछ।

०८. बन्द हडताल चक्काजाम लगायत अन्य मानव सृजित कारणवाट सृजना हुने वन्द हडताल हुन गएमा नगरपालिकाको निर्णय अनुसार हुने छ।

०९. वोलपत्र पेश गर्दा वोलपत्रदाताको तर्फवाट कुनै किसिमको शर्त मान्य हुने छैन। शर्त सहितको बोलपत्रलाई बदर मानिने छ। साथै रीत नपुगी वा म्याद नाघी आएको बोलपत्र उपर कुनै कार्यवाही हुने छैन।

१०. एक पटक सेवा शुल्क लिई सकेकोमा दोहरो लिन पाईने छैन।

११. शुल्क असुल गर्दा करदातालाई दिईने रसिद नगर कार्यपालिकाको कार्यालयले तोकि दिएको ढांचामा ठेकेदारले आफनो तर्फवाट छपाई कार्यालय प्रमुख वा शाखा प्रमुखवाट प्रमाणित गराई कार्यालयको छाप लगाई मात्र प्रयोग गर्न पाईने छ। प्रमाणित विनाको रसिद प्रयोग गरेको पाईएमा न.पा.द्वारा कानूनी कार्यवाही गरिनेछ।

१२. दरवन्दी भन्दा वढी रकम उठाएमा वा न.पा.को अहित हुने काम कार्यवाही गरेमा त्यसको उत्तरदायित्व ठेकेदारले नै व्यहोर्नु पर्नेछ।

१४. प्राप्त वोलपत्रहरु कुनै पनि कारण जनाई वा नजनाई सम्पूर्ण वा अंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

१५. बोलपत्र सम्वन्धी केही कुरा वुझ्न परेमा कार्यालय समयभित्र राजश्व उप-शाखामा सर्म्पक राखी वुझ्न सकिनेछ।

१६. खसी वाखाहाट वजार सेवा शुल्कको दररेट निम्नानुसार रहेको छ।

**खसी वाखाहाट वजार सेव शुल्कको दररेट**

| सि.नं. | विवरण | रकम रु. | कैफियत |
|---|---|---|---|
| ०१. | खसी, वाखा, वोका, पाठा, पाठी प्रति थान विक्रेतावाट | ५०।- | |
| ०२. | खसी, वाखा, वोका, पाठा, पाठी प्रति थान क्रेतावाट | ५०।- | |

प्रमुख प्रशासकीय अधिकृत